# *UW–Madison* को तलब पाईने अभिभावकीय बिदा कर्मचारीहरूको लागि रूपरेखा

*University of Wisconsin–Madison* ले तलब पाईने अभिभावकीय बिदाको नयाँ नीति, जुलाई १, २०२४ सालबाट शुरू हुने गरी लागू गर्दैछ। यस नीतिले कर्मचारीहरूको जीवनको महत्त्वपूर्ण घडीमा वहाँहरू र वहाँहरूको परिवारप्रतिको हाम्रो प्रतिबद्धता झल्काउँदछ।

## नीति रूपरेखा

- नयाँ नीति अन्तर्गत, योग्य कर्मचारीहरूले नीतिमा समावेश भए अनुसारको योग्य जन्म वा धर्मपुत्र वा धर्मपुत्री बनाउन (*adoption*) को लागि हरेक १२ (बाह) महिना भित्रमा अधिकतम ६ (छ) हप्तासम्मको तलब पाईने बिदाको समय अनुरोध गर्न सक्दछन्। (पूर्ण समय काम नगर्ने कर्मचारीहरूको लागि तलब पाईने बिदाको मात्रा समायोजन गरिएको छ।)
- जब कुनै कर्मचारीले एउटै १२ महिनाको अवधि भित्र विभिन्न योग्य जीवनको घटनाहरू अनुभव गर्नुभयो भने, वहाँहरू अधिकतम छ हप्तासम्मको तलब पाईने अभिभावकीय बिदाको लागि मात्र योग्य हुनुहुन्छ।
- योग्य जीवनको घटनाहरूमा जन्म वा *adoption* समावेश छन्।

## कर्मचारी योग्यता

- योग्य कर्मचारी वर्गहरूमा *University Staff*, *Academic Staff*, संकाय, सीमित नियुक्ति र केही *graduate* र डिग्री पछिको तालिम पाउने व्यक्तिहरू समावेश छन्। योग्यताको थप मापदण्डहरू लागू हुन्छन्।
- कर्मचारी योग्यता लिङ्ग वा पारिवारिक सम्बन्धको आधारमा बदलिँदैन।

## थप जानकारी कसरी पाउने

- कर्मचारीका विस्तृत योग्यता मापदण्डहरू, योग्यता कार्यक्रमहरू, बहिष्करणहरू र अन्य महत्त्वपूर्ण विवरणहरू नीति *UW-5045* मा प्रदान गरिएको छ। तलब पाईने अभिभावकीय बिदाको वेबसाईटमा पनि जानकारी उपलब्ध छ।
- तलब पाईने अभिभावकीय बिदा अनुरोध गर्न चाहने कर्मचारीहरूले आफ्नो विभागीय अशक्तता प्रतिनिधि (*DDR*) लाई सम्पर्क गर्नुपर्नेछ।
- यदि तपाईंलाई भाषा सेवा आवश्यक भएमा, सांस्कृतिक भाषागत सेवा (cls.wisc.edu) लाई सम्पर्क गर्नुहोला।

**यस तथ्य पाना एउटा रूपरेखा हो। थप विवरणको लागि कृपया नीतिको समीक्षा गर्नुहोला।**